# किरात राई समुदायमा मुन्दुमी प्रथाजनित कानूनको अभ्यास

अधिवक्ता चन्द्रकुमार राई "हतुवाली"

"निर्दोषलाई दण्ड दिनुभन्दा अन्य ठूलो अफाप केही छैन ।"

मुन्दुम

**लेखसार**

*प्राचीनकालमा उपत्यकाको शासक रहेका यी किरात राईहरू लिच्छविहरूसँग पराजित भइ पूर्वतिर लागेर पूर्वैमै बसोबास गर्न थालेका किरात राईहरूको मुख्य बसोबास पूर्वी नेपालको पहाडी भागमै पाइन्छ । किरातहरूले मुन्दुम अनुसार आफ्नै शासन व्यवस्था र न्यायिक प्रणाली सञ्चालन गरेका थिए । पृथ्वीनारायण शाहले किरात राज्य विजय गर्नु अगाडिसम्म पूर्ण रूपमा सञ्चालनमा रहेको मुन्दुमी प्रथाजनित कानून राणा शासनकालमा मुलूकी ऐन, १९१० को तर्जुमा भएपश्चात यस कानूनको हस्तक्षेपले मुन्दुमी प्रथाजनित कानूनी अभ्यासलाई निस्तेज तुल्याउन पुग्यो । परिणामतः मुन्दुमी प्रथाजनित कानूनी अभ्यासहरू लोप हुँदै गयो । अवशेषको रूपमा पुराना किरात राई बस्तीहरूमा केही मुन्दुमी प्रथाजनित कानूनहरू यद्यपी अभ्यासरत छन् ।*

**शब्दकुञ्जी**

मुन्दुम, प्रथा, कानून, चुम्लुङ, थर्पु, थाक्ले, तेनदुवा

## १. परिचय

किरात राई पूर्वी नेपालमा बसोबास गर्ने किरात समुदायको एक अभिन्न समुदाय हो । राई पनि एक समुदाय हो । राई समुदायभित्र पनि भिन्न भाषा बोल्ने र केही भिन्न संस्कृति अवलम्वन गर्ने समुदायहरू रहेका छन् । भिन्न भाषा बोल्ने समूहलाई थर भनेर चिनिन्छ । जस्तो : बान्तावा भाषा बोल्ने राईलाई बान्तावा थरका राई, थुलुङ भाषा बोल्नेलाई थुलुङ थरका राई भनिन्छ । किरात राईहरूमा विभिन्न २६ भाषा प्रचलनमा रहेको पाइन्छ (National Statistics Office, 2021, pp.10-14) । यस अर्थमा किरात राईहरू २६ थरका छन् । नेपालको भाषिक समूहको विशाल क्षेत्र किरात राई समुदायले ओगटेको छ । उनीहरू बीच भाषिक भिन्नता मात्र होइन केही सांस्कृतिक भिन्नताहरू पनि रहेको हुन्छ । तथापी यी आफुलाई राईभित्र नै एकबद्ध गर्दै आएको इतिहास पाइन्छ भने अद्यपी प्रचलनमा पनि यही पाइन्छ ।

"किरात"को शाब्दिक अर्थ छेउ लागेर हिड्ने (मानव) हुन्छ (आचर्य, वि.सं.२०५४, पृ.१४) । किरात नामको बारेमा विभिन्न अर्थ दिइए तापनि व्यवहारमा भने राई, लिम्बू, याक्खा र सुनुवारहरूको समग्रतालाई "किरात" भनेर बुझिन्छ । यही किरातहरूको जीवन दर्शनलाई याक्थुम लिम्बूहरूले मुन्धुम, याक्खाहरूले मुन्थुम, कोँइच सुनुवारहरूले मुक्दुम र खम्बू राईहरूले मुन्दुम नामले बोलाउने गर्दछन् । समग्र किरातीहरू बीचमा मुन्दुमको

नाममा भिन्नता रहे जस्तै विविध थरमा विभाजित राईहरूले समग्रमा मुन्दुम नाम प्रयोग गर्ने गरे तापनि थरगत भाषामा भने थर अनुसार मुन्दुमको नाम भिन्न पाइन्छ । जस्तै : बान्तावा र पुमा थरका राईहरूले मुत्दुम, थुलुङहरूले ड्युम्लो आदि ।

राईहरूले अवलम्वन गर्ने जीवनका हरेक सांस्कृतिक र सामाजिक व्यवहारहरू मुन्दुम अनुसार गरिन्छ । अर्थात् राईहरूले गर्ने हरेक क्रियाकलापहरू मुन्दमसङ्गत हुन्छन् । मुन्दुम अनुसार अरुलाई नराम्रो सोंच्न, विना मूल्य कसैको केही खाइदिन, ठग्न, सराप्दै थुक्न र गालीगौलज गर्न हुँदैन । यस्तो भएमा आफुलाई मात्र होइन पछिल्ला पुस्तालाई समेत सुब्बेफाब्बे हुँदैन भन्ने व्यवहारिक अनुभव छ । अरु त अरु लोग्नेस्वास्नी बीच पनि भनाभन गर्न निषेध छ । कथंकदाचित कुटपिट र ज्यानसम्बन्धीका वारदातहरू घटेमा त्यसको निरोपण कसरी गर्ने भन्ने बारेमा भने मुन्दुमी प्रथाजनित कानूनको अभ्यासको आधारमा समाधान गरिन्थ्यो । पृथ्वीनारायण शाहले किरात राज्य विजय गरेपछि किरातीहरूको मुन्दुमी प्रथाजनित कानूनको अभ्यासमा केही बन्देज लगाएका थिए । यसपछि किरातीहरूले पञ्चखत[1] सम्बन्धी मुद्दामामिलाहरू बाहेकका सानातिना मुद्दामामिलाहरू मात्र छलफल गरेर दण्ड दिने र जरिवाना गर्न सक्ने भए (नेपाल, वि.सं.२०५५, पृ.२९५) । यसरी केन्द्रीय सत्ताले किरातीहरूको केही कानूनलाई स्वीकार्नु भनेको किराती मुन्दुमी प्रथाजनित कानूनी अभ्यास सशक्त थियो भन्ने हो । यी कानूनहरू प्रचलनको लागि स्वीकृति दिएका थिए, ती तर्कसङ्गत र समय सापेक्षा थिए । अहिले पनि केही मुन्दुमी प्रथाजनित कानूनी अभ्यास प्रचलनमा पाइन्छ । समय र परिस्थिति सापेक्ष नभएको भए मुन्दुमी प्रथाजनित कानूनको अभ्यास पूर्णत: खारेज हुने थियो ।

किरात राई समुदायमा मुन्दुमी प्रथाजनित कानूनको अभ्यास प्रचलनमा रहे तापनि अद्यपी यस बारेमा एक विशेष विषय बनाई बृहत् तथा गहन अध्ययन अनुसन्धान हुन सकेको छैन । सामान्य लेखहरू प्रकाशित भए बाहेक विशेष विषय बनाएर गहन तथा तथ्यगत आधारमा अनुसन्धान हुन सकेको छैन । परिणामत: राईभित्र प्रचलित मुन्दुमी प्रथाजनित कानून र कानून प्रणाली बारेमा प्रकाश हुन सकेको छैन । तसर्थ यस लेखमा किरात राईहरूमा प्रचलित मुन्दुमी प्रथाजनित कानून प्रणालीको बारेमा अनुसन्धान प्रक्रिया र प्रावधानभित्र सीमावद्ध भइ लेख तयार गरिएको छ । यस लेखमा मूल रूपमा किरात राई जातिमा प्रचलित मुन्दुमी प्रथाजनित कानून भनेको के हो ? यसको अभ्यासको अवस्था कस्तो छ ? भन्ने बारेमा चर्चा गरिएको छ भने सहायक रूपमा कस्तो अवस्थामा मुन्दुमी प्रथाजनित कानून आकर्षित हुन्छ ? यसको कार्यान्वयन गर्ने निकाय र गठन विधि कस्तो छ ? सुनुवाइको प्रक्रिया र जरिवाना साथै दण्डसजायको प्रावधान कस्तो छ ? भन्ने बारेमा प्रस्तुत गरिएको छ ।

उल्लिखित प्रश्न तथा समस्याहरूको खोजी तथा समाधान गर्ने क्रममा यो लेखले किरात राई जातिमा प्राचीनकालदेखि वर्तमानसम्म प्रचलित मुन्दुमी प्रथाजनित कानून प्रणालीको बारेमा केही मात्रामा प्रकाश पार्न सम्भव भएको छ । विभिन्न कालखण्डका घटना परिवेशहरूले यस मुन्दुमी प्रथाजनित कानून प्रणालीलाई असर गर्दा पनि आजसम्म केही कानून तथा कानूनी अभ्यासहरू प्रचलनमा छन् । मुन्दुमी प्रथाजनित कानूनभित्र कत्तिपय यस्ता कानूनी व्यवस्थाहरू छन् जुन कानूनहरू आजका कानून र कानून प्रणालीहरूले पनि अवलम्वन गर्न आवश्यक देखिन्छन् ।

---

1 वि.सं.२०२० सालअघिको मुलूकी ऐनमा भएको व्यवस्था अनुसार अपराध गरेको ठहरेमा ज्यान सजाय हुने, दामल हुने, मुडिने, घटी जातमा मिलाई खोपिने र जात पतित हुने जस्ता किसिमका सजाय हुने खत वा अपराधलाई पञ्चखत भनिन्थ्यो (श्रेष्ठ, वि.सं.२०७९, पृ.३७४) ।

## २. मुन्दुमी प्रथाजनित कानून

किरात समाजमा प्रचलित प्रथाजनित कानून केमा आधारित थियो र कस्तो थियो भन्ने बारेमा राजा पृथ्वीनारायण शाहले किरात राज्य विजय गरेपछि नियुक्त स्थानीय प्रशासक वीरभद्र कुँवरलाई दिएको आदेशमार्फत प्रष्ट हुन्छ । वीरभद्र कुँवरले राई, लिम्बू, याक्खाहरूलाई हिन्दु धर्मअनुसारको थिति मान्न आदेश दिएका थिए । तर सो आदेशको राई, लिम्बू र याक्खाहरूले अवज्ञा गरेका थिए । सो अवज्ञाको बारेमा प्रशासक वीरभद्र कुँवरले राजा पृथ्वीनाराण शाहलाई जानकारी गराउँदा "उनीहरूको मुन्दुम (मुन्धुम) अनुसार नै चल्न दिनु ।" भन्ने पुनः आदेश दिएबाट (नेपाल, वि.सं.२०५५, पृ.२६४) नै किरात क्षेत्रको कानून प्रणाली मुन्दुममा आधारित भएको निश्चित हुन्छ ।

जय सिवाहाङका अनुसार किरात न्याय प्रणालीको स्रोत मुन्दुम हो । मुन्दुममा निहित प्रथाजनित कानूनहरू रीति, संस्कार, परम्परा, व्यवहार तथा अभ्यासहरूको आधारमा लागु गरिन्थे र यही आधारमा न्याय प्रशासन लागु हुन्थ्यो (सिवाहाङ, वि.सं.२०६८, पृ.११०) । यसले पनि किरातकालीन कानून प्रणालीको स्रोत मुन्दुम भएको र यसैमा आधारित भएर न्यायप्रशासन चल्दथ्यो भन्ने कुरा निश्चित हुन्छ । यही मुन्दुम नै कानून थियो र यही कानून अनुरूप नै कानूनी व्यवहार गरिन्थ्यो (राई, वि.सं.२०६६, पृ.४०९) ।

मुन्दुमी प्रथाजनित कानूनी अभ्यासलाई समग्रमा बुझ्नको लागि मुन्दुम, प्रथा र कानूनलाई भिन्न भिन्न रूपमा बुझ्न आवश्यक हुन्छ । मुन्दुम, शब्द मना (मानव) र दुम (वर्णन, कुरा) मिलेर संरचित भएको हो । यसको अर्थ मानव सन्दर्भ बारेको चर्चा अर्थात् मानव बारेमा सम्पूर्ण परिवेशको बारेमा व्यापक रूपमा समावेश गरिएको जीवन दर्शन भन्ने हुन्छ । यसभित्र मानवलगायत सम्पूर्ण जीवनको उत्पत्ति, अस्तित्व र यस बाहेकको पृथ्वी, आकाश, पानी लगायतका सारा जगतका अंशहरू, मानवले आफ्नो जीवनयापनको क्रममा अवलम्वन गर्ने विधि र प्रक्रियाहरू साथै मूल्य, मान्यता र विश्वासहरू निहित हुन्छन् । यो जीवनको उत्पत्ति, विकास, नियमितता साथै जीवनसँग सम्बन्धित अन्य विषयवस्तुसँगको सम्बन्ध आदि बारेमा व्यापक चर्चा, परिचर्चा र जीवनले अवलम्वन गर्नु पर्ने मार्गनिर्देश, माध्यम साथै नियमहरूको समग्रता हो भन्ने बुझिन्छ ।

मुन्दुमको "लिम्बू जातिको धर्मशास्त्र, मुन्धुम" भनेर अर्थ दिएको पाइन्छ (पराजुली, वि.सं.२०७७, पृ.१०४७) । तर मुन्धुम (मुन्दुम) लिम्बू जातिको मात्र धर्मशास्त्र नभएर किरातभित्रका राई, याक्खा र सुनुवारको पनि हो । यो धर्मशास्त्र मात्र होइन त्योभन्दा बृहत् किरातीहरूको सम्पूर्ण जीवनदर्शन हो । यसैको आधारमा किरातीहरूको विचार, सोंच निर्माण हुनका साथै जीवन व्यवहार सञ्चालन भएको हुन्छ । वैरागी काइँलाका अनुसार "मुन्दुम, किरात जातिको त्यो श्रुति परम्परा हो जसमा सृष्टिदेखि (आजसम्म) भएका घटनाहरूको सविस्तार वर्णन, विधि-निषेधका कुराहरू र व्यक्ति, परिवार तथा समाजका कल्याणका लागि गरिने अनुष्ठानहरूको वर्णन पाइन्छ ।" यस परिभाषा अनुसार मुन्दुम लिखित नभइ श्रुति परम्परामा आधारित हुन्छ । यसभित्र मानव जीवनको सृष्टिकालदेखि आजसम्म भएका घटनाहरूको सविस्तार वर्णन गरिएको हुन्छ । यस अर्थमा यो इतिहास पनि हो । यसभित्र व्यक्ति, परिवार र समाज सञ्चालनका लागि चाहिने विधि निषेधका विषयहरू समावेश गरिएका हुन्छन् । विधि र निषेधले कानून र कानून प्रणालीलाई इङ्गित गर्दछ । विधिले कानूनको र निषेधले बन्देज र दण्डसजाय भन्ने बुझाउँदछ । यी विषयहरू मानव कल्याणको लागि आवश्यक रहेका हुन्छन् । लिपि लेखनको आरम्भ छ हजार वर्ष अगाडिबाट मात्र भएको थियो (Ember, Ember & Peregrine, 2020, p.315) । यस

आधारमा मुन्धुमलाई श्रुति परम्परामा आधारित भन्नुको अर्थ अक्षर लेखनको आरम्भभन्दा पहिलाबाट नै श्रुति परम्परामार्फत चल्दै आएको थियो भन्न सकिन्छ ।

मुन्दुमकै अर्थ र परिभाषा दिने क्रममा "मुन्दुमले मानव सृष्टि पहिल्याउनु, मानवको उत्पत्ति र त्यसको ऐतिहासिक विकासक्रमको पहिचान गर्नु, मानव समाजमा विद्यमान विभिन्न सङ्गति विसङ्गतिहरूको खोजी र व्याख्या गर्नु, आध्यात्मिक चिन्तन र वैज्ञानिक जीवन पद्धतिको अतकरेक्वालाई एकसाथ व्याख्या गर्नु नै मुन्दुम वा (मुन्धुम) हो । यहीं मुन्दुमकै आधारमा किरात राई लिम्बूको शुरुदेखि आजसम्म समाज र जीवन शैली अनुवन्धित भइ सञ्चालन हुँदै आएको छ" (राई, वि.सं.२०४९,पृ.१०) । यस परिभाषाभित्र मानव सृष्टि, विकास र वर्तमानको अवस्था साथै मानवसँग सम्बन्धित यावत घटना परिवेश समग्र समाहित मौखिक ज्ञानभण्डार वा ज्ञानशास्त्र नै मुन्दुम हो । तर यस परिभाषाले पनि राई र लिम्बूलाई मात्र इङ्गित गर्दै याक्खा र सुनुवारलाई छुट्याएका छन् । वास्तवमा मुन्दुम समग्र किरातीहरूको जीवनदर्शन हो भन्ने बुझिन्छ ।

प्रथाको बारेमा चर्चा गर्नु पर्दा परम्पराको अर्को नाम नै प्रथा हो । यो जनताको प्रयोग वा अभ्यास हो जुन सामान्य स्वीकृति र सहमतिद्वारा लामो समयदेखि निरन्तर अवलम्वन गर्दै सम्बन्धित स्थान र विषयको लागि कानूनी शक्ति प्राप्त गरेको हुन्छ (Black, 1968, p. 4621) । यस परिभाषाले प्रथा हुनको लागि निश्चित समुदायको सर्वस्वीकृतिबाट निरन्तर रूपमा पालना गर्दै आउँदा कानूनी शक्ति निहित हुन आवश्यक हुन्छ । अर्कोतिर यो एक प्रकारको अभ्यास हो जुन विशेष स्थानमा विशेष परिस्थितिहरूमा कानूनको रूपमा पालना गरिन्छ (Martin, 2003. p132) । यस अर्थमा प्रथा एउटा अभ्यास हो जुन विशेष स्थानमा यस्ता परिस्थितिहरूमा अनुसरण गरिएको छ कि त्यसलाई त्यस स्थानको कानूनको अंश मानिन्छ । यसले पारम्परिक कानूनको रूपमा मान्यता प्राप्त गर्नको लागि स्वाभाविक रूपमा उपयुक्त र उचित हुनुपर्छ भने निरन्तर रूपमा पालना/नियम/विधि जुन घटना वा क्रियाकलापहरूसँग सम्बन्धित हुन्छन्, र नागरिकहरूले पालना गर्नु पर्दछ र पालना नगरेमा दण्डसजायको सामना गर्नुपर्छ ।

मुन्दुमी कानूनको बारेमा प्रष्ट हुनको लागि कानूनको बारेमा पनि प्रष्ट हुन आवश्यक हुन्छ । सामान्यतः कानून भन्नाले व्यक्तिका हक र अधिकार व्यवस्था भएको नियम नै कानून हो, जसको उल्लङ्घन भएमा दण्डसजाय हुन्छ । यसरी व्यवस्था गरिएका हक र अधिकारहरूको पालना गर्नु सबैको कर्तव्य हो । यसलाई राज्यले व्यवस्था गरेको प्रचलित नियमहरूको समग्रता रूपमा पनि बुझ्न सकिन्छ (श्रेष्ठ, वि.सं.२०७९, पृ.१५०) । यस परिभाषाले भने कानून राज्यद्वारा निर्माण गरी लागु गरिएको हुन्छ, जुन थुप्रै नियमहरूको समग्रता हो । समाजलाई शासित गर्ने नियमहरूको समूह र कानूनको संरचनामा रहेको नियमहरूको समग्रता पनि भनिन्छ (Martin, 2003, p.280) । अर्थात् त्यस्तो स्थापित नियम वा विधिलाई नै कानून भनिन्छ, जसको पालना गर्न नागरिकहरू बाध्य छन् । कसैले यसको पालना गरेन भने दण्ड हुन्छ (Blacks, p.1028) । यी कानूनहरू राज्यद्वारा निर्माण गरेर जनताहरूले पालना गरेका हुन्छन् । कसैले पालना नगरेमा दण्डमार्फत पालन गर्न लगाइन्छ ।

निष्कर्षतः मुन्दुमी प्रथाजनित कानून भन्नाले मुन्दुमअनुसार किरात समुदायमा कानूनको रूपमा परम्पराबाट निरन्तर रूपमा पालना गरिएका नियमहरूको समूह जसको उल्लङ्घन भएमा उल्लङ्घन गर्ने व्यक्ति दण्डसजायको भागी बन्दछ । यस्तो दण्ड किरात राज्य सञ्चालन हुँदा राज्यले लागु गर्दथ्यो भने किरातहरूको राज्यसत्ता गुमेपछि भने किरात समाज आफैँले कार्यान्वयन गर्दै आइरहेको पाइन्छ ।

## ३. मुन्दुमी प्रथाजनित कानून प्रणालीका आवश्यक तत्वहरू

कुनै पनि काम, वस्तु वा प्रक्रिया पूरा हुनको लागि प्रारम्भदेखि अन्त्यसम्म सिलसिलावद्ध हुन आवश्यक हुन्छ, जसलाई नै प्रणाली भनेर बुझ्न सकिन्छ । प्रणाली एक कार्य सम्पादन गर्ने तरिका या विधि हो जसले पूर्णता प्रदान गर्दछ । यसलाई शुरुदेखि अन्त्यसम्मको प्रक्रियाको रूपमा पनि लिन सकिन्छ । प्रणालीको अर्थ दिने क्रममा कुनै काम गर्ने विधि, पद्धति, रीति, तरिका, प्रथा र परम्परा पनि भनिएको छ (पराजुली, वि.सं.२०७७, पृ.८३२) । अर्कोतिर यसलाई व्यवस्था, रीतिरिवाज पनि भनिएको छ (श्रेष्ठ, वि.सं.२०७९, पृ.४१७) । यसभित्र कुनै पनि काम गर्ने व्यवस्थित तौरतरिका बारेमा पूर्ण रूपमा खुलाइएको हुन्छ । मुन्दुमी प्रथाजनित कानून प्रणाली भन्नाले मुन्दुम कस्तो कानून हो ? यसमा व्यवस्थित हक अधिकार कस्ता छन् ? यी हक अधिकारहरूको उल्लङ्घन भएमा कस्तो कार्यविधि अपनाउनु पर्दछ ? र कुन निकायबाट उल्लङ्घन भएका हक अधिकारको उपचार प्राप्त हुन्छ ? भन्ने यावत प्रक्रियाहरूको बारेमा उल्लेख हुनु आवश्यक हुन्छ । मुन्दुममा यी सम्पूर्ण विधिहरू निहित भएकोले नै यो एक प्रथाजनित कानून प्रणालीको रूपमा स्थापित भएको हो । मुन्दुममा निहित कानून प्रणालीका अंशहरू निम्न अनुसार रहेका छन् :

### ३.१. हक, अधिकार, निर्देशित नियमहरूसम्बन्धी

व्यक्ति तथा समाजका हक र अधिकारहरू मुन्दुममा व्यवस्था गरिएका छन् । समाजमा बसेर व्यक्तिले कस्तो व्यवहार गर्नु पर्दछ, व्यक्तिको व्यवहारप्रति समाजले कस्तो प्रकारको दायित्व निर्वाह गर्नु पर्दछ भन्ने जीवनका हरेक नियमहरू मुन्दुममा समावेश छन् । यी नियमहरूको पालना गरिएन भने दण्डसजायको भागी हुनु पर्दछ । कानूनको ठूलो र महत्त्वपूर्ण अंश भनेको नै दण्डसजाय हो । दण्डसजायले सुध्रने मौका दिनुका साथै भविष्यमा यस्तो घटना नहोस् भन्ने सावधानी तुल्याउँदछ । जस्तो: मुन्दुमी वैवाहिक कानूनमा भएको कानूनी व्यवस्थालाई यहाँ प्रस्तुत गरिएको छ:

केटीपक्ष : ए बाबा हो, मालाही पालाही लिसानालो ना द्या चमा इ ?

(केटीपक्ष : ए बाबा हो, दुई बीचको सम्बन्ध नराम्रो भएमा के गर्ने होला नि ?)

कोङ्पी : बाबा हजुर, मोवात्नि अलिनिन्ने । खान्नुलेङा लिसिन्ने । लिसानालो थाप्सङदा युङाटावा बुलुखुङ लासा उक्खुन्दी मुमाडोत् ।

(लमी : बाबा हजुर, त्यस्तो नहोस् । राम्रै होस् । भैहाल्यो भने परम्परामा चलिआएको बुलु बटुका फिर्ता गर्दै उक्खुन्दी गर्नुपर्छ ।)

केटीपक्ष : आम्नोदाछा वाको थाप्सङ युङयाङ इ ?

(केटीपक्ष : तपाइँहरूमा पनि यस्तै परम्परा चलिरहेको छ त ?)

कोङ्पी : जिउ, जिउ (लमी : ज्यू, ज्यू (हतुवाली, वि.सं.२०६५, पृ.१५)।

यसरी बिबाह बन्धनमा बाँधिएपछि लोग्नेस्वास्नी एक ठाउँमा बस्न सकेनन् भने विच्छेद गर्ने अधिकार मुन्दुममा नै निहित पाइन्छ । विच्छेद भएकी छोरीचेली माइती घरमा आएर अविवाहित छोरी जस्तै भएर बस्न सक्तछन् जसलाई उक्खुन्डी भनिन्छ । यस अर्थमा मुन्दुम एक सशक्त कानून तथा कानूनी सङ्ग्रहको रूपमा रहेको पाइन्छ ।

**३.२.मन्दुमी प्रथाजनित कानून कार्यान्वयन निकाय**

कानून निर्माण गरेर मात्र हुँदैन । यसको लागि कार्यान्वयन गर्ने निकायको आवश्यकता पर्दछ । त्यस्तो निकाय, सबल, सशक्त हुनुपर्दछ भने सबैले स्वीकार गरेको पनि हुनुपर्दछ । राईहरूलाई आफ्नो जीवन मुन्दुमी नियम मुताविक निरन्तर चलिरहेको हुन्छ भनेर त्यति बेलासम्म थाहा हुँदैन कि जति बेलासम्म अवरोध, बाधा अडचन हुँदैन । निरन्तरतामाथि जब अवरोध उत्पन्न हुन्छ त्यसको समाधान वा उपचारको सन्दर्भमा बल्ल मुन्दुमी प्रथाजनित कानूनको प्रश्न उठ्दछ । यही प्रश्न निरोपणको क्रममा मुन्दुमी प्रथाजनित कानून सक्रिय भइ प्रमाणको आधारमा व्याख्या विश्लेषण गरेर अन्तिम फैसला गर्न र फैसला अनुसार कार्यान्वयन निकायको आवश्यकता पर्दछ । मुन्दुमी प्रथाजनित कानून कार्यान्वयन निकायको आवश्यकता मुख्यतः निम्न दुई अवस्थाहरूमा रहेको देखिन्छ :

क) मुन्दुमी कानूनको उल्लङ्घन भएमा,

ख) मुन्दुमी कानूनमा दुविधा उत्पन्न भएमा

उल्लिखित अवस्थाहरू आइपरेमा यसको कार्यान्वयन वा समाधानको आवश्यकता पर्दछ । कसैले यस मुन्दुमी प्रथाजनित कानूनको उल्लङ्घन भएमा निरोपण गर्ने निकाय, संस्थाको आवश्यकता पर्दछ, जो कोहीको हक र अधिकार उल्लङ्घन गरेमा उजुरी गर्न सकोस् र त्यसउपर छलफल गर्न सकोस् ।

किरातीहरूको शासनव्यवस्था सुव्यवस्थित थियो भन्ने कुरा त्यस समयमा प्रचलित कार्यान्वयन गर्ने निकायहरू विषय अनुसार स्थापित हुनुले पनि प्रष्ट हुन्छ । यी व्यवस्थाहरू किरातकालमा मात्र होइन लिच्छविकालमा समेत प्रचलनमा थिए । उनीहरू प्राचीन समयबाट नै कानूनअनुसार राज्य प्रशासन र न्यायिक प्रणाली सञ्चालन गर्दथे भन्ने लिच्छविकालीन अभिलेखहरूले जानकारी दिएका छन् । यी अभिलेखहरूका अनुसार कुथेर, शुल्ली, लिङ्ग्वल, माप्चोक जस्ता अधिकरणहरू किरातकालमा प्रचलित थिए (बज्राचार्य, वि.सं.२०५३, पृ.१३१) । कुथेरले राजस्व सङ्कलन गर्ने (बज्रचार्य, वि.सं.२०५३, पृ.१२५), शुल्लीले पञ्चखत हेर्ने (बज्राचार्य, वि.सं.२०५३, पृ.१२७-१२९), लिङ्ग्वलले खेतीपानी, पानी र पैनी, धाराको व्यवस्था गर्ने (बज्राचार्य, वि.सं.२०५३, पृ.१२९) र माप्चोकले बिबाह, सम्बन्धविच्छेद जस्ता पारिवारिक मुद्दाहरू निर्णय गर्ने निकायको रूपमा काम गर्दथे (बज्राचार्य, वि.सं.२०५३, पृ.१२९-१३०) । लिच्छविकालको राजभाषा संस्कृत थियो । तर यी नामहरू भने संस्कृतभाषा नभइ किरात भाषाका थिए (बज्राचार्य, वि.सं.२०५३, पृ.१३०) । यी नामहरू राजा अंशुवर्माको पालादेखि भने पश्चिमाधिकरण, पूर्वधिकरण, भट्टाधिकरणमा परिणत भएका थिए (बज्राचार्य, वि.सं.२०५३, पृ.१२५) । यसरी इतिहासमा किरातकाल प्रशासनिक र न्यायिक सवालमा अब्बल देखिन्छ ।

ऐतिहासिक कालखण्डमा विभिन्न परिस्थितिसँग जुज्धै किरातीहरू आफ्नै मुन्दुमी प्रथाजनित कानून प्रणाली र कानूनमा दृढ रहँदै आएका छन् । त्यसैको परिणाम हो पृथ्वीनारायण शाहको विजय अभियानपछि किरातीहरूलाई आफ्नो मुन्दुमी परम्परा अनुसार थिति कानून चलाउन दिनु भन्ने आदेश दिनुले प्रमाणित गर्दछ (नेपाल, वि.सं.२०५५, पृ.२६४) । यसरी मुन्दुमी प्रथाजनित कानूनको उल्लङ्घन भएमा वा सो कानूनी व्यवस्थामा दुविधा उत्पन्न भएमा यसलाई निरोपण गर्नु पर्दछ, जसको लागि विवाद निरोपण गर्न निश्चित संस्थाहरू स्थापना गरिएका थिए । किरात क्षेत्रमा प्रचलित यस्ता संस्थाहरूमा थर्पु, चुम्लुङ, धिचुम्लोङ (महासभा) र हाङचुम्लोङ (राजसभा) रहेका थिए (सिवाहाङ, वि.सं.२०६८, पृ.११०-११३) । थर्पु भनेको गाउँसभा

(सिवाहाङ, वि.सं.२०६८, पृ.११०), चुम्लोङ भनेको थर्पुभन्दा माथिल्लो प्रशासनिक र न्यायिक निकाय हो (सिवाहाङ, वि.सं.२०६८, पृ.१११), चुम्लोङभन्दा माथि धिचुम्लोङ थियो । यो महासभा थियो (सिवाहाङ, वि.सं.२०६८, पृ.११२) । सबैभन्दा सर्बोच्च भने हाङचोम्लुङ थियो र यो राजसभा थियो (सिवाहाङ, वि.सं.२०६८, पृ.११३) । जय सिवाहाङद्वारा उल्लिखित न्यायिक निकायहरू थर्पु, चुम्लुङ र थाक्लेका अवशेष ठाउँहरू अहिले पनि किरात गाउँमा प्रशस्त छन् । यी निकायहरू उपत्यकामा प्रचलित कुथेर, शुल्ली, लिङ्ग्वल, माप्चोककै परिवर्तित नामहरूको रूपमा लिन सकिन्छ । यी निकाय रहेका ठाउँहरू डाँडापाखा, बारी र खेलकुद मैदानको रूपमा परिणत हुन लागेको पाइन्छ । तर धिचुम्लोङ र हाङचोम्लुङको अवशेष भने प्राप्त हुन सकेको छैन । यिनीहरूको संरक्षण गर्नु आवश्यक देखिन्छ । जस्तै : खोटाङको जन्तेढुङ्गा, वडा नं.४ मा रहेको चुम्लुङ, भोजपुरको हतुवागढी, वडा नं.२ मा चोङलुङ, आमचोक, वडा नं.१ मा वासिङ थर्पु आदि रहेका छन् । यस्ता चुम्लुङ, थर्पु र थाक्लेहरू अस्थायी प्रकृतिका हुन्थे र आवश्यकता अनुसार गठन हुन्थे । चुम्लुङ, थर्पु र थाक्लेहरूको निर्माण गर्दा घटीमा ३ पाछाको अनिवार्य उपस्थिति हुनुपर्दथ्यो ।

अर्कोतिर किरात राई मुन्दुममा न्यायिक कार्य गर्ने संस्थाको रूपमा १० थर वा पाछाका जान्ने सुन्नेहरूको एक साप्तेन (समाज) हुने व्यवस्थाको उल्लेख पाइन्छ (चाम्लिङ, वि.सं.२०७०, पृ.६०) । अहिले पनि व्यवहारमा घटीमा तीन, पाँच वा सात थर वा पाछाको साप्तेन बसेर कुनै पनि कानूनी प्रश्नहरूको निरोपण गरिन्छ ।[2] यो समाजमा घटेका कुनै पनि कानूनी वारदातहरूको निर्णय गर्दा प्राय: समाजका प्रत्येक घरको मूली मानिसको उपस्थिति हुने भएकोले तीन, पाँच वा सात पाछाका मानिसहरूको उपस्थिति हुने गर्दछ ।

### ३.४. निकाय प्रमुख र नियुक्ति विधि

प्राचीनकालमा न्यायिक निकायको प्रमुख राजा नै हुन्थे । तर पछि कार्यबोझ बढ्दै गएपछि अधिकार प्रत्यायोजित गरेका थिए । त्यस्ता प्रत्यायोजित अधिकार पाउनेलाई राइपा र राई बुढा भनिन्थे । यी राईपा वा राईबुढाहरूलाई खाचुप्मि (न्यायमूर्ति) भनिन्थ्यो (राई, वि.सं.२०६६, पृ.४१३) । यो आधारमा राजा स्वयंले न्यायप्रमुख छनोट गर्ने अधिकार राख्दथ्यो । अर्कोतिर न्यायिक पदाधिकारीहरू टोङ्पा, तेन्दुवा र थाक्लेहाङको पनि उल्लेख गरेको पाइन्छ (सिवाहाङ, वि.सं.२०६८, पृ.१०९-११३) । टोङ्पा गाउँ प्रमुख हुन्थ्यो र उनको नियुक्ति गाउँले, परिवार र सार्वजनिक उपस्थितिमा हुन्थ्यो भने टोङपाहरूहरू बीचबाट विभिन्न परिक्षाहरूको माध्यमबाट तेन्दुवाहरूको छनोट गरिन्थ्यो । तेन्दुवाहरूबाट थाक्लेहाङ छानिन्थ्यो । टोङपा र थाक्लेहाङहरूबाट छानिएकाहरूको धिचुम्लोङ र राजा, माङपा, नाक्छो, टाङलुक्वा, खावाहाङ, दुब्देङ, चिखिमहाङ, र हाङयङमिटाङ भएको हाङचुम्लोङ गठन हुन्थ्यो (सिवाहाङ, वि.सं.२०६८, पृ.१०९-११३) ।

व्यवहारिक र वास्तविक रूपमा भने तत्कालीन समय र वर्तमान समयमा तेन्दुवा/तेन्ढुवाको नेतृत्वमा मुन्दुमी व्यक्तित्व नाक्छोङ, माङटाङपा, माङपा र समाजका प्रत्येक परिवारका प्रौढ व्यक्तिहरू समावेश आवश्यकता अनुसार साप्तेन बस्ने गर्दछन् । तेन्दुवा/तेन्ढुवाहरू भने व्यवहारिक अनुभवबाट छानिन्थे । तेन्दुवाको व्यवहारिक अनुभव भनेको न्यायिक निसाफ गर्ने दक्षता नै थियो । यो दक्षता उनले विवाद निरोपणमा देखाएको विद्वता प्रर्दशनबाट हुन्थ्यो । यो प्रचलन अझै पनि व्यवहार प्रचलनमा छ । र उनकै नेतृत्वमा न्याय दिने काम हुन्छ । उनको नेतृत्वमा साप्तेनले छलफल गरेर न्याय प्रदान गर्ने कार्य गर्दछ ।

किरातकालीन समयमा साप्तेनले नै सबै जसो न्यायिक कार्यहरू सम्पादन गर्ने गर्दथे । तर अहिले भने केही

2. हतुवागढी गाउँपालिका, वडा नं.२, दितेनी बस्ने राजकुमार राईसँग भएको कुराकानीमा आधारित ।

मुद्दाहरू बाहेक तेनढुवा र साप्तेनको अधिकार राज्य निर्मित कानूनद्वारा कटौती गरिएका छन् । टेनढुवा नियुक्तिमा लैङ्गिक विभेदता हुँदैन । टेनढुवाको नेतृत्वमा मुन्दुम जान्ने माङ्पा, माङटाङ्पा, नाक्छोङहरू रहन्छन् । उनीहरूले मुन्दुमी विधिविधानको बारेमा टेनढुवालाई जानकारी गराउने र यही कानूनको आधारमा टेनढुवाले मुद्दामामिला वा विवादको फैसला गर्दछन् । त्यसरी समाजको प्रत्येक घरबाट उपस्थित घरमूलीहरूले पनि आफ्ना राय जिज्ञासाहरू प्रस्तुत गर्ने अवसर प्राप्त गर्दछन् र टेनढुवाको निर्णय फैसलालाई सामूहिक रूपमा अनुमोदन गरिन्छ र तुरुन्तै कार्यान्वयन गरिन्छ ।

**३.५.सुनुवाइ विधि**

किरात राई मुन्दुमी प्रथाजनित कानूनी प्रणालीमा पनि सुनुवाईका पनि निश्चित विधिविधानहरू रहेको छन् । आधुनिक कानूनले मान्ने प्राकृतिक न्यायका दुई सिद्धान्तहरू सुनुवाइको मौका र कारणसहित फैसला हुनु पर्ने साथै प्राङन्यायको सिद्धान्त एउटै विषयको मुद्दा पटक पटक सुनुवाइ गर्न नमिल्ने भन्ने मुन्दुमी प्रथाजनित कानूनी प्रणालीले प्रारम्भकालबाटै मान्दै आएको पाइन्छ । त्यसैले मुन्दुमी प्रथाजनित कानून अवलम्वन गरेर दिइएको न्यायमा तथ्य, सत्य र विधिअनुसार दिइएको न्यायको अनुभूत गरिन्छ ।

मुन्दुमी प्रथाजनित कानूनी अभ्यास अनुसार सर्बप्रथम पीडित व्यक्तिले आफु अन्यायमा परेको कुरा टेन्दुवा/टेन्ढुवा समक्ष उजूरी दिन्छ । टेन्ढुवाले छलफलको लागि तोकेको स्थान, मिति र समयमा साप्तेन (गाउँले समाज) र आरोपित व्यक्तिलाई छलफलको विषय जानकारी सहित उपस्थितिको लागि तेन्ढुवा र उजुरी दिने व्यक्तिले सूचना दिने गर्दछन् । तोकिएको दिन टेनढुवा र साप्तेनको उपस्थितिमा दाबा गर्नेले दाबा प्रमाण र प्रतिवाद गर्नेले प्रतिवाद प्रमाण प्रस्तुत गर्नु पर्दछ । तेनदुवा र साप्तेन समक्ष घटनासँग सम्बन्धित दुवै पक्षालाई प्रमाणसहित आफ्नो कुरा राख्ने मौका दिइन्छ । दुवै पक्षाले प्रस्तुत गरेका प्रमाणहरूको मूल्याङ्कन तेनदुवा र साप्तेनहरूले सुनुवाइ गर्दै प्रमाणहरूको मूल्याङ्कन गरेर न्याय दिइन्छ ।

संकलित प्रमाणहरूले दोषी देखाउँदा पनि दोष स्वीकारेन भने उनलाई ढुङ्गा[घ] र दुबो छुवाएपछि सत्यवाचाको विश्वास गरिन्थ्यो (नेपाल, वि.सं.२०७४, पृ.३४४) । सुप्तुलुङ, बलेको आगो, दियो, तामा, माटो छुवाउँदै सपथ खान लगाउने साथै मुखमा दुबो र काखमा सन्तान च्याप्न लगाइ झुठ्ठा नबक्ने शपथ खुवाइन्छ । यसको अर्थ हो झुटा बकेमा पशुतुल्य हुनुका साथै भविष्यमा निसन्तान हुन्छ भन्ने हो (राई, वि.सं.२०६६, पृ.४१७) । कसैले सत्य छोपेर सपथ खाएमा त्यस्तो कार्यले आफु लगायत आफ्ना पुस्ताँ सन्तानसम्म आर्थिक, शारीरिक नोक्सान हुन्छ भन्ने विश्वास रहेको छ । यही विश्वासको कारण किरात राईहरूले उल्लिखित सपथहरू लिएर झुटा काम गर्दैनन् भन्ने मान्यता रही आएको छ ।

**३.६.दण्डजरिवानाका प्रक्रियाहरू**

कानून सशक्त हुनुको मूल कारण नै दण्ड सजाय हो । त्यसैले कानूनको चर्चासँगै दण्डसजायको व्यवस्था पनि बृहत् हुने गर्दछ । कानून र दण्ड एक सिक्काका दुईपाटा हुन् । दण्डलाई प्रष्ट पार्ने क्रममा यसलाई मानवीय इच्छा विरुद्धको पीडा भनेर पनि अर्थ दिएको पाइन्छ (Mackenzie, p.10) . Jeremy Bentham का अनुसार दण्ड एक प्रकारको उपचारविधि हो जुन डरको माध्यमबाट गरिन्छ (Mishra, 2016, p.10) । सजाय यस कारणले

3 ढुङ्गो भन्नाले चुलाढुङ्गा सुप्तुलुङलाई भन्न खोजिएको हो । यस चुलाढुङ्गा सुप्तुलुङमा आफ्ना पुर्खा सुन्तुम (पितृ) हरू निवास गर्ने र सुन्तुमहरूले नराम्रो काम गर्ने सन्तानलाई दण्ड गर्ने भएकोले सुप्तुलुङ ढुङ्गा छुन लगाउने गरिएको हो ।

दिइन्छ कि अठारौं शताब्दीको समयमा एक न्यायाधीशले भेडा चोरलाई सजाय दिने क्रममा भनेका थिए कि "तिमीलाई फाँसीमा झुण्ड्याइने छ । यो सजाय तिमीले भेडा चोर्‍यो भनेर दिएको होइन, अरुले भेडा चोर्ने साहस नगरुन् भनेर दिइएको हो (आचार्य, वि.सं.२०४८, पृ.१०७) ।" यस भनाइबाट के ज्ञान प्राप्त हुन्छ भने दण्ड दिनुको मुख्य उद्देश्य भविष्यमा यस्तै प्रकारका कानून विपरीत कार्यहरू गर्न कोही उद्यत नहोस् भन्ने हो । अहिले दण्डका सिद्धान्तहरू जस्तै : प्रायश्चितको सिद्धान्त, प्रतिकारात्मक सिद्धान्त, हतोत्साहको सिद्धान्त र निरोधात्मक सिद्धान्त प्रतिपादन भइ प्रचलनमा रहेका छन् । यिनै सिद्धान्तहरूलाई आधार मान्दै विश्वका विभिन्न राष्ट्रहरूले अपराधको रोकथाम गर्दै अपराधीलाई सुधार गर्ने क्रियाकलापहरू गर्दै आएका छन् ।

मुन्दुमी प्रथाजनित कानून प्रणालीले पनि दण्ड सजायलाई उच्च  महत्त्व दिएको छ । त्यसैले मुन्दुमी प्रथाजनित कानूनको कसैले उल्लङ्घन गरेमा सजाय पाउने व्यवस्था गरेको छ । यस्ता सजायहरू सामान्य प्रकारको माफ मगाउनेदेखि गाउँ निकाला गर्ने सम्मका छन् । जारीसम्बन्धी विवादमा जारलाई ज्यान लिने सम्मको अधिकार थियो (सिवाहाङ, वि.सं.२०६८, पृ.४९) । तर मुन्दुममा डाँडा, खोला वा नदी तरेपछि ज्यान लिए जतिकै हुने वा ज्यान माया मारिने हुँदा ज्यान लिन आवश्यकता थिएन । बरु साधु र जारलाई एक ठाउँ राखेर शीर उठाउने (प्रतिष्ठा पुनः कायम गराउने) दाजुभाइ मिलेर बस्ने भन्ने विधि गरेर बसाइन्थ्यो ।

मुन्दुमी कानूनको कार्यान्वयन सम्बन्धमा सन्दर्भअनुसार लेखकहरूले उल्लेख गर्ने गरेको पाइन्छ । डोरबहादुर विष्टले पनि मुन्दुमी प्रथाजनित कानूनको बारेमा उल्लेख गरेका छन् । उनका अनुसार किरात राई जातिमा केटीले पेट बोकेमा पेट बोकाउने केटाले नै बिहे गर्दछ, गरेन भने सुत्केरी खर्च केटाले नै व्यहोर्ने गर्दछ । त्यसरी नै विधुवा भाउजुलाई देवरले बिहे गर्न मिल्छ (२०१९, पृ.९) । त्यसरी नै ढुङ्गो[४] दुभो छुवाएर जुनसुकै जात भए पनि आफ्नै जातमा मिलाउने मुन्दुमी कानून भएको उल्लेख पाइन्छ (कोइराला, वि.सं.२०५६, पृ.९) ।

पृथ्वीनारायण शाहले किरात राज्य विजय गरेपछि पनि पञ्चखतको मुद्दामामिला बाहेकका मामिलाहरूमा छलफल गरेर दण्ड दिने, जरिवाना गर्ने अधिकार किरातीहरूलाई नै दिएका थिए । यस्ता मुद्दाको निसाफमा प्रवेश गर्ने र साक्षी बस्ने विधि निश्चित प्रकारको थियो (नेपाल, वि.सं.२०५५, पृ.२९५) । किरातीहरूले पाएका क्षेत्रधिकारका मुद्दाहरूमा न्याय दिनु परेमा मुन्दुमी प्रथाजनित कानूनको आधारमा दिने गर्दथे भने अहिले पनि कतिपय मुद्दाहरू मुन्दुमी प्रथाजनित कानूनकै आधारमा सम्पादन गरिन्छ । यसरी केन्द्रीय सत्ताले किरातीहरूको केही कानूनलाई स्वीकार्नु भनेको किराती मुन्दुमी कानून सशक्त थियो भन्ने बुझ्न सकिन्छ । मुन्दुमी प्रथाजनित कानूनमा उपचार पद्धतिको पनि व्यवस्था गरिएको छ ।

कसैलाई नराम्रो सोच्न नहुने, नकरात्मक कुरा काट्न नहुने मान्यता किराती राईहरूमा रहेको छ । कसैले कुराकानीको सिलसिलामा वा जाँडरक्सी खाएको बेलामा नराम्रो भनियो कि भनेर अर्को दिन बिहानै गएर सोधनी गर्ने चलन छ । गल्ती गरेकै भएमा सहजले माफ माग्ने गर्दछन् । गालीसरापले आफुलगायत भावी सन्तानलाई समेत अशुभ हुने विश्वास रहेकोले कुटपिट, लडाइँझगडा, मारपिट गर्नु त झन परको कुरा हो । त्यसैले यस्तो घटना हुन नदिन सचेत रहेका हुन्छन् । यस्तो भइहालेमा मेलमिलाप कार्य प्राथमिकतामा पर्दछ । तर, कसैले दण्ड जरिवाना हुने कार्य गरेमा वा समाज हित विपरीत कार्य गरेमा मुन्दुममा दण्डसजायको प्रावधान पनि रहेको छ । यस्ता मुन्दुमी कानूनी उपचारविधि वा दण्डविधिहरूको क्रमशः यहाँ चर्चा गरिन्छ :

4 ढुङ्गो भन्नाले चुलाढुङ्गा सुप्तुलुङलाई भन्न खोजिएको हो । यस चुलाढुङ्गा सुप्तुलुङमा आफ्ना पुर्खा सुन्तुम (पितृ) हरू निवास गर्ने र सुन्तुमहरूले नराम्रो काम गर्ने सन्तानलाई दण्ड गर्ने भएकोले सुप्तुलुङ ढुङ्गा छुन लगाउने गरिएको हो ।

**(क) शीर उठाउने:** मुन्दुमी प्रथाजनित कानूनको उल्लङ्घनको प्रथम उपचार भनेको शीर उठाउने विधि हो । यसको खास अर्थ भनेको प्रतिष्ठा पुर्नस्थापन गर्नु भन्ने हुन्छ । मुन्दुम अनुसार मानवको प्रतिष्ठा सँधै पवित्र तथा उँचो रहनु पर्दछ । प्रतिष्ठा पवित्र र उँचो भएमा मात्र मानिस स्वास्थ्य, संवृद्ध रहन्छ । तर प्रतिष्ठा उँचो नभएमा बिरामी हुने, आर्थिक नोक्सान हुने, आशातीत प्रगति हुँदैन भन्ने रहेको छ । सामान्यतया आपसी भनावैरी साथै सामान्य कुटपिट भएमा व्यक्तिको शीर ढल्छ वा प्रतिष्ठामा आँच आउँदछ । एक आपसमा कुटपिट भएमा वा भनावैरी भएमा समाज बसेर गल्ती कसले गरेको हो भन्ने छानबिन गर्दछ । छानबिनबाट गल्ती पत्ता लगाएर गल्ती गर्नेलाई माफ माग्न लगाइन्छ । सानो ठूलो भन्ने विभेद गरिदैँन । गल्ती गर्ने पक्षले एक चिन्डो रक्सी निकालेर शीर उठाउने कार्य गरिन्छ । यतिबेला सानो साइनोले ठूलो साइनोलाई ढोग्न लगाइन्छ ।

**(ख) आर्थिक जरिवाना गर्ने**: मुन्दुमी प्रथाजनित कानूनको अर्को महत्त्वपूर्ण उपचारविधि भनेको आर्थिक जरिवाना पनि हो । जरिवाना अर्न्तगत अन्न वा पैसा तिर्न लगाइन्छ । विशेषत: बाली खाएको, अन्नबाली चोरी गरेको सन्दर्भमा अन्न जरिवाना गरिन्छ । तर कुटपिटको घटनामा घा उपचार लागि, बिहेको लागि केटी निश्चित भएपछि केटाले अर्कै केटी भगाएमा वा केटीले अर्कै केटासँग बिहे गरेर गएमा, दाजु दिदीको बिहे नहुँदै भाइबहिनीले बिहे गरेमा उपरोक्त कार्य गर्ने पक्षलाई आर्थिक जरिवाना गरिन्छ ।

**(ग) सुध्रन मौका दिने वा बहिष्कार गर्ने**: मुन्दुमी प्रथाजनित कानूनले मानव जन्मिदै अपराधिक बिशेषता लिएर जन्मेको हुँदैन भन्ने मान्यता राख्दछ । सामाजिक र आर्थिक अवस्था, मानसिक अस्थिरता लगायतका कारणले गर्दा मानिस बाद्य भएर अपराधमा संलग्न भएको हुन्छ । परिस्थितिवश घटनामा संलग्न हुने भएकोले सुधारको सम्भावना रहन्छ । त्यसैले पहिलो पटक कोही अपराधिक कार्यमा संलग्न भएमा सुध्रने मौका अवसर दिइन्छ । सुध्रिने अवसर दिँदा पनि सुध्रिएन भने समाजले बहिष्कार गर्ने गर्दछ । त्यस्तो मानिसलाई समाजमा हुने सांस्कृतिक अवसर विशेषलगायतका सामाजिक सामुहिक कार्यहरूमा समावेश गरिँदैन भने उनले गर्ने सांस्कृतिक अवसर तथा कार्यक्रमहरूमा समाज सहभागी हुँदैनन् । जस्तै : चोरीको घटनामा माङटोङबाट झुण्ड्याउने विधिलाई उदाहरणको रूपमा लिन सकिन्छ । गाउँमा कुनै चोरी भएमा सर्वप्रथम गाउँका पाको मानिसहरू भेला भएर छलफल गरेर चोरी गरेको सामान फर्काएर सुध्रिने मौका दिनको लागि पायक पर्ने ठाउँमा माङटोङवाक[5] झुण्ड्याउँछन् । सुध्रिन चाहनेले यो माङतोङवातमा सो सामान कसैले थाहा नपाई राखी राख्दछ । यसरी अवसर दिँदा पनि राखेन भने लानखान लगेको भनेर निश्चित गरेर पछि थाहा पाएमा समाजले बहिष्कार गर्ने गर्दछ । दण्डको प्रायश्चितको सिद्धान्तले अपराधीलाई प्रायश्चित गरेर सुधार गर्ने मौका दिनु पर्दछ । यस्तो मौका दिएमा अपराधी सुध्रिन्छ भन्ने रहेको छ (आचार्य, वि.सं.२०४८, पृ.१०४) । यस दण्ड सिद्धान्तले अपराध प्रमाणित भइसकेको अवस्थामा प्रायश्चित दिने अवसर दिने तर्क गरेको पाइन्छ । तर मुन्दुमी प्रथाजनित कानूनले भने कतिपय अपराधहरूमा कानूनी कारवाहीमा जानुभन्दा अगावै प्रायश्चितको अवसर प्रदान गर्दछ । यस अर्थमा आधुनिक कानूनी सिद्धान्तभन्दा मुन्दुमी प्रथाजनित कानून अगाडि रहेको देखिन्छ ।

(घ) **डाँडा कटाउने/नयाँ पाछा दिने**: यो सजाय मुख्यत : वैवाहिक कानूनसँग सम्बन्धित् रहेको छ । किरात राई जातिमा वंशभित्रका चेली माइती बीच बिबाह गरेमा, दिदी बहिनीका सन्तानहरू बीच बिबाह गरेमा,

5 धर्मथुन्चे ।

चेली मामइतीका सन्तानहरू बीच बिबाह गरेमा, ससुरालीका आफुभन्दा ठूला साइनोसँग बिबाह गरेमा बिबाह गर्नेहरूलाई गाउँ निकाला, खोला कटाउने, कोशी कटाउने कठोर सजाय दिइन्छ । यस्तो सजाय दिनुको अर्थ हुन्छ डाँडा, खोला वा नदी कटाइएका केटा र केटीहरू मृत्यु भए सरह मानिन्छ । गाउँले समाजले यस्तो कारवाही गरेका केटा र केटीहरू कहिले गाउँ फर्कन पाउँदैनन् । यसरी नै उपरोक्त साइनोहरूबीच बिबाह गरेमा नयाँ पाछा दिएर गाउँमै राख्ने चलन पनि रहेको छ । पाछा भन्नाले उपथर वा बुबाको तर्फबाट पाउने पहिचान भनेर बुझिन्छ । जस्तो : बुबा माङफाङ पाछा हो भने सन्तान पनि माङफाङ नै हुन्छ । यसलाई वंश चिनारी भनेर पनि बुझ्न सकिन्छ । यसरी उनीहरूलाई नयाँ पाछा दिएर वंश बाहिर गरिन्छ ।

**(ङ) सुप्तुलुङबाट निष्काशन गर्ने**: परिवारको महिला वा पुरुषले लोग्ने स्वास्नी बीच मात्र सम्बन्ध राख्न सक्ने मुन्दुमी प्रथाजनित कानूनी व्यवस्था छ । यदी कसैले बिबाह नभइ वा बिबाह भइ सकेपछि विवाहित लोग्ने स्वास्नीभन्दा अन्यसँग लुकीछिपि यौन सम्बन्ध राखेको थाहा भएमा यौन दुराचर गरेको मानिन्छ । यसरी यौन दुराचर गरेको थाहा भएमा उनलाई सुप्तुलुङबाट निश्काशन गरिन्छ । त्यसरी कसैले आत्माहत्याको प्रयास गरेको तर संयोगवश बाँचेको भएमा, धर्म परिवर्तन गरेमा पनि सुप्तुलुङबाट निष्काशन गरिन्छ । सुप्तुलुङबाट निष्काशित हुनु भनेको परिवारको सदस्य र समाजबाट निष्किाशित हुनु हो ।

## ४. निष्कर्ष

मुन्दुमले किरात राईहरूको जीवनलाई निर्देशित र नियन्त्रित गर्ने साथै सो निर्देशन र नियन्त्रणलाई कसैले भङ्ग, उल्लङ्घन गरेको खण्डमा भङ्ग, उल्लङ्घन भएको परिस्थितिलाई हेरेर दण्डसजाय गर्न सक्ने व्यवस्था भएकोले मुन्दुम एक सशक्त कानून हो । त्यसैले त राजा पृथ्वीनारायण शाहले आफ्नो विजयपछि पनि किरातीहरूलाई पञ्चखतको मुद्दाहरूबाहेक अन्य मुद्दाहरू आफैँले निसाफ दिने अधिकार दिएका थिए । पञ्चखतका मुद्दाहरू बाहेक अन्य मुद्दाहरू यहीं मुन्दुमी कानूनी व्यवस्था अनुसार फैसला गरिन्थे । त्यसरी नै मुन्दुमी कानून कार्यान्वयनका विधि, प्रक्रिया हुनुका साथै कार्यान्वयन निकाय र पदाधिकारी हुनु साथै पदाधिकारीले पनि विवादित विषयको फैसला गर्ने विधि हुनुले पनि किरात राई समुदायमा मुन्दुमी प्रथाजनित कानूनी अभ्यास वा प्रणाली प्रचलनमा भएको प्रमाणित हुन्छ । यति मात्र होइन फैसला गरेर दण्डसजाय दिने व्यवस्था हुनुबाट पनि पूर्ण रूपमा किरात राई मुन्दुमी प्रथाजनित कानून प्रणाली सञ्चालित थियो । यद्यपि यस प्रणालीका केही बाँकी अवशेषहरू समाजमा अभ्यासमा रहेका छन् ।

## सन्दर्भ सामाग्री

आचार्य, माधवप्रसाद (वि.सं.२०४८). अपराधशास्त्र. काठमाडौं : रत्न पुस्तक भण्डार ।

कोइराला, कुलचन्द्र (वि.सं.२०५६). कुलचन्द्र कोइरालाको ऐतिहासिक लेख सङ्ग्रह (सम्पा. विष्णु सापकोटा). काठमाडौं : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

नेपाल, ज्ञानमणि (वि.स.२०५५). नेपालनिरूपण. काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

नेपाल, ज्ञानमणि (वि.सं.२०७४). नेपाल निरुक्त. ललितपुर : साझा प्रकाशन ।

चाम्लिङ, जोग (वि.सं.२०७०). किराँती रिदूम. दार्जिलिङ : किराँत खम्बू राई सांस्कृतिक संस्थान ।

बज्रचार्य, धनबज्र (वि.सं.२०५३). लिच्छविकालका अभिलेख. काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

राई, हिमाल (वि.सं.२०४९). किरातबारे तीनकुरा. काठमाडौं : याङकोङ्मा प्रकाशन ।

सिवाहाङ, जय (वि.सं.२०६८). किरात मुन्धुमभित्रको विज्ञान. ललितपुर : बालकुमारी राई ।
हतुवाली, चन्द्रकुमार (वि.सं.२०६४). धितोधरना : कथ्य उच्च साहित्य र संस्कृति. निप्सुङ. १४ (२६) ।
Black, H. C. (1971). *Black's Law Dictionary*. ST.PAUL : West Publishing
Ember, C.R. Ember, M.R.&Peregrine, P.N. (2020). *Anthropology*. India :
PearsonEducation.
Martin, E. (2003). *Oxford Dictionary of Law*. Oxford : Oxford University Press.
Mishra, S. (2016). Theories of Punishment-A Philosophical Aspect.
*Emperial Journal of Interdisciplinary Research (IJIR)*. vol-2.Issue-8.
Mackenzie, M.M. (1981). *Plato on Punishment*. Landon : University of California Press.

❑❑